“अपनाऔं आयुर्वेदिय जीवनशैली र दैनिक ४८ मिनेट योग । रहौं स्वस्थ, रोकथाम तथा नियन्त्रण हुन्छ रोग ॥”

# आर्थिक बर्ष २०७९/०८० मा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङबाट सम्पन्न कार्यक्रमहरुको



# वार्षिक प्रगति प्रतिबेदन

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ

गण्डकी प्रदेश

## आर्थिक बर्ष २०७९/०८० मा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङबाट सम्पन्न कार्यक्रमहरुको

# वार्षिक प्रगति प्रतिबेदन


**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ**

**गण्डकी प्रदेश**

फोन नं: ०६९-४४०१५३

ईमेल: dahc.jomsom@gmail.com

वेवसाइट: dahcmustang.gandaki.gov.np

# प्राक्कथन

आर्थिक बर्ष २०७८/७९ मा यस केन्द्रबाट सम्पादन भएका वार्षिक कामकारवाहीहरुको विस्तृत विवरण उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरी यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा हर्ष गौरवको अनुभूति भएको छ । नागरिकको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य क्षेत्रको विकाश र विस्तार गर्न टेवा पुर्याइ "समृद्ध नेपाल, सुखी नेपाली" को अभिष्ट अनुरुप आयुर्वेदको माध्यमबाट नागरिकहरुलाई रोगबाट मुक्त गराउन र स्वस्थ जीवनयापन गर्न यस केन्द्रबाट वार्षिक रुपमा सम्पादन भएका कार्यहरु सार्वजनिक गर्ने जमर्को गरिएको छ । प्रचलित कानुनले प्रदान गरेको क्षेत्राधिकारको सीमाभित्र रही र सम्बन्धित निकायहरुबाट प्राप्त बजेट तथा निर्देशानुसार सेवाग्राहीहरुलाई स्वास्थ्य जाँच, रोग निदान, उपचार, परामर्श, निःशुल्क आयुर्वेद औषधि वितरणका साथै आयुर्वेद सेवा सम्बन्धी कार्यक्रमहरु विद्यालय आयुर्वेद तथा योग शिक्षा, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन, स्तनपायी आमा सेवा, निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिविर, स्वस्थ जीवन, आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई आयुर्वेद सेवा सम्बन्धी क्षमता अभिवृद्धि तालिम, आयुर्वेद सेवा सम्बन्धी बार्षिक समिक्षा गोष्ठी, स्वास्थ्य प्रवर्द्धनका लागि जीवनशैली परिवर्तन तथा योग, परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र उपयोगिता सम्बन्धी अभिमुखिकरण, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन जस्ता कार्यहरु प्रमुख रुपमा सम्पादन गरिएका छन । खुल्लापनको सिद्वान्त अनुरुप यस औषधालयबाट भए गरेका वार्षिक गतिविधिको सवालमा सेवाग्राही र सरोकारवाला वर्गको समान र सहज पहुँच अभिवृद्धि हुने तथा भावी दिनहरुमा औषधालयको कार्यसम्पादनमा सहजता प्रदान हुनुको साथै वार्षिक नीति तथा कार्यक्रम तर्जुमा र सेवा प्रवाहलाई स्वच्छ, स्वस्थ र निश्पक्ष बनाउन प्रस्तुत प्रतिवेदन संगठनात्मक स्मृतिको रुपमा रहने छ ।

अन्तमा, वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको कार्यमा अहोरात्र खटिई सहयोग पऱ्याउनु हुने केन्द्रका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस केन्द्रबाट सम्पादन भए गरेका कामकारवाही एवं सेवा प्रवाहका कार्य सिमित स्रोतसाधनको बाबजुद पनि प्रभावकारी रुपमा सम्पादन गर्ने अथक प्रयास गरिएको छ । कार्यसम्पादन र सेवा प्रवाहको सन्दर्भमा सेवाग्राही तथा सरोकारवाला वर्गको सल्लाह, सुझाव र सहयोग औषधालयको लागी अमुल्य हुने विश्वास लिएको छु ।

मितिः २०८०।०५।२४ गते रोज १ शुभम ।

डा. सरोज कुमार राय

कार्यालय प्रमुख

# <u>बिषयसुची</u>

१ पृष्ठभूमि

**२ मुस्ताङ जिल्लामा रहेका सरकारी आयुर्वेद संस्थाहरु**

३ कार्यालयको भौतिक पूर्वाधारहरु

४ कार्यालयको  संगठन संरचना र शाखाहरुको जिम्मेवारी

५ निजी आयुर्वेद संस्थाको विवरण

६ बिरामी तथ्याङ्क विवरण

७ प्रदेश सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण

८ संघिय सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण

९ निष्कर्ष र सुझाब

१० फोटोहरु

# १. पृष्ठभूमि

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । नेपालमा सत्रौं शताब्दीमा सिंहदरवार वैद्यखानाको स्थापनसँगै आयुर्वेद उपचार पद्धतिको विकास भएको थियो । वि. सं. १९४७ मा वीर अस्पतालको स्थापना भएसँगै आधुनिक चिकित्सा पद्धतिको संस्थागत विकास भएको हो भने । वि. सं. १९७४ सालमा श्री ३ महाराज चन्द्र शम्शेरले पहिलो आयुर्वेद चिकित्सकलय एवं पाठशालाको स्थापना गरि आयुर्वेद चिकित्सा पद्धतिको विकास प्रयास गरिएको थियो । समग्रमा स्वास्थ्य क्षेत्रको योजनावद्ध विकास भने वि. सं. २०१३ को प्रथम आवधिक योजनासँगै शुरुवात भएको पाइन्छ । वि. सं. २०३२ मा १५ वर्षे प्रथम दीर्घकालिन स्वास्थ्य योजना लागू भएको र वि. सं. २०५४ मा २० वर्षे दोस्रौ दीर्घकालीन स्वास्थ्य योजना लागू भएको थियो । वि. सं. २०४६ को राजनैतिक परिवर्तन पछि नेपाली जनताको परिवर्तनको अपेक्ष अनुरुप आएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले गाउँ गाउँसम्म प्राथमिक स्वास्थ्य सेवा विस्तार गरियो भने वि. सं. २०५२ मा राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति लागु गरी प्रत्यक जिल्लामा जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था र ५ गाविसलाई सहज हुने गरी १ आयुर्वेद औषधालय स्थापना गर्ने नीति अनुरुप आयुर्वेद स्वास्थ्य संस्थाहरुको स्थापना गरिंदै लगिएको थियो ।

## १.१ कार्यालयको परिचय

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शास्वत रुपमा चल्दै आएको चिकित्सा हो । नेपालको भौगोलिक बिभाजन अनुसार हिमालपारीको जिल्ला भनेर परिचित हिमाली जिल्ला मुस्ताङ, जोमसोममा अवस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङको स्थापना २०५८ सालमा भएको हो । प्रारम्भमा यो स्वास्थ्य केन्द्र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद विभाग अन्तर्गत स्थापना भएको हो । संघीय गणत्रन्त्र स्थापना सँगै सात प्रदेश कायम पश्चात यस कार्यालय गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय अन्तर्गत रही प्रदेश कार्यालयको रुपमा रहेकोमा हालै गण्डकी प्रदेशमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको स्थापना पछि भने यस कार्यालय प्रदेश सरकार,

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश अन्तर्गत रहेर मुस्ताङ जिल्ला भरी निःशुल्क स्वास्थ्य प्रवर्धनात्मक, रोग प्रतिकारात्मक तथा उपचारात्मक सेवाहरु प्रदान गर्दै आइरहेको छ । विगतमा यस कार्यालयबाट यस जिल्ला भित्र रहेका लोमान्थाङ आयुर्वेद औषधालय र कागवेनी आयुर्वेद औषधालयको समेत आर्थिक एवं प्रशासनिक जिम्मेवारी बहन गर्दै आइरहेकोमा हाल संघीयता कार्यान्वयन पछी भने ति दुई औषधालयहरु स्थानिय सरकार अन्तर्गत रहेका छन्।

हाल यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम स्थित घरपझोङ गाँउपालिका वडा नं ४ स्थित आफ्नै भवनबाट नियमित सेवा प्रदान गर्दै आइरहेको छ । मुस्ताङ जिल्लामा रहेका ५ पालिकाहरु मध्ये आयुर्वेद केन्द्र नरहेका ३ पालिकाहरुमा आयुर्वेद सेवा प्रदान गर्न यस कार्यालय अन्तर्गत ३ वटा नागरिक आरोग्य सेवा केन्द्रहरु क्रमशः लोघ्याकर दामोदरकुण्ड गाँउपालिकाको चराङ, घरपझोङ गाँउपालिको स्याङ र थासाङ गाँउपालिको कोवाङमा स्थापना भई नियमित स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

## १.२ मुस्ताङ जिल्लाको परिचय

विश्वमान चित्रमा २८० ३३'५१" देखि २९० १९'५२" उत्तरी अक्षाँश र ८३० २८'५४" देखि ८४० १४'५८" पूर्वी देशान्तरको पूर्वमा मनाङ पश्चिममा डोल्पा, दक्षिणमा म्याग्दी जिल्ला र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको बिचमा समुन्द्र सतहबाट न्युनतम १,६४० मिटर उचाईमा रहेको कुञ्जो गा.वि.स अन्तर्गत पहिरो थाप्लो मुनी कोप्चेपानी नजिकको स्थान हो भने सबैभन्दा अग्लो भाग धौलागिरी हिमाल ८१६७ मिटर हो । यस मुस्ताङ जिल्ला नेपालको पूर्व प्रशासनिक विभाजन अनुसार पश्चिमाञ्चल विकास क्षेत्रको जिल्ला हो । हालको नयाँ संरचना अनुसार गण्डकी प्रदेशको हिमाली जिल्ला मध्ये एक जिल्लाको रुपमा रहेको छ । सिमाङ्कन अनुसार यस जिल्लालाई लोमान्थाङ, लो घेकर दामोडरकुण्ड , वारागुङ. मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गरी ५ गाँउपालिकामा विभाजन गरिएको छ । मुस्ताङ जिल्लाको कुल क्षेत्रफल ३,५७३ वर्ग कि.मी.(केन्द्रीय तथ्याङ्क विभाग, २०६८) छ भने २०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १३४५२ रहेको छ । ३००० बर्ष अगाडीको पुरातात्विक उत्खननबाट यो जिल्ला नेपाल र तिब्बतको प्रमुख व्यापारिक नाका रहेको पुष्टि हुन्छ र यहाँ प्रशस्त औषधिय जडिबुटि पाइने हुनाले तिब्बती भाषामा मन्भनेको औषिधि र थाङ भनेको चउर हुने भएकोले यसलाई औषधिको चउर, मन्थाङ भन्दा मुस्ताङ रहन गएको जनश्रुति छ । विशाल अन्नपूर्ण हिमश्रृखलाको उत्तरी काखमा अवस्थित यो जिल्ला पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको छ । विश्व पर्यटन

बोर्डद्वारा मुस्ताङ विश्वकै तेस्रो पर्यटकीय गन्तव्यमा घोषित गरिनुले पनि यसको महत्व विश्वव्यापी भएको छ । अझै दामोदर कुण्ड, मुक्तिनाथ, कागबेनी जस्ता तीर्थस्थलहरुले यो जिल्ला विश्वभरमा बुद्ध र हिन्दु धर्मावलीहरुको आकर्षणको केन्द्र बनेको छ । विषेशगरी मुक्तिनाथ मन्दिरमा बौद्ध र हिन्दु धर्मावलीहरुको आर्कषणको केन्द्र बनेको छ । विषेश गरी मुक्तिनाथ मन्दिरमा बौद्ध र हिन्दु धर्मावलीहरुको समान आस्था हुनु धार्मिक सहिष्णुताको अनुपम उदाहरण मान्न सकिन्छ । जसले भिन्न धार्मिक आस्थाका विच शान्तिपूर्ण सहअस्तित्वको भावना उजागर गरेको छ र विगतको माओबादी जनआन्दोलनताका पनि कुनै पनि मानवीय क्षति नहुनुले मुस्ताङ जिल्ला शान्तिप्रिय जिल्लाको रुपमा प्रख्यात छ ।

**केही प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु निम्न रहेका छन्।**

१. मुक्तिनाथ मन्दिर

२. दामोदरकुण्ड

३. कागबेनी

४. जोमसोम

५. छोसेर गुम्बा

६. लोमान्थाङ

७. कुछब गुम्बा

८. गुरुसाङ्गको (गुरुङ्ग स्याङ्गवो)

९. ठिनी, मार्फा, न्याउरीकोट, टुकुचे गाउँ

१०. टिटिताल, भुछुत्रोताल, सेकुम ताल, धुम्वा ताल

**जिल्लाको संक्षिप्त जानकारी**

जिल्लाको कुल जनसंख्या : १३४५२

महिला संख्या : ६३५९

पुरुष संख्या : ७०९३

जिल्लाको कुल क्षेत्रफल : ३,५७३ वर्ग कि.मी. छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८)

FRA को प्रतिवेदन २०१७ अनुसार जिल्लाको कुल क्षेत्रफल ३५५६ वर्ग कि.मी.

साक्षरता : १००% (जिल्ला शिक्षा कार्यालय मुस्ताङको आर्थिक वर्ष २०७०/२०७१ मा पूर्ण साक्षरता जिल्ला घोषणा)

गरिबी सूचकांक : ३१.२% (Nepal Human Development Report, 2014)

**भौगोलिक विवरण :**

**अवस्थिति**

उत्तरी अक्षांश : २८º२०’ देखि २९º०५’

पूर्वी देशान्तर : ८३º३०’ देखि ८४º१५’

**उचाई**

न्युनतम : १३७२ मिटर (समुन्द्र सतह देखि)

अधिकतम : ८१६७ मिटर (धौलागिरी हिमाल)

**राजनैतिक विभाजन**

विकास क्षेत्र : पश्चिमाञ्चल विकास क्षेत्र

अञ्चल : धौलागिरि अञ्चल

जिल्ला सदरमुकाम : जोमसोम

गाउँपालिकाको संख्या : ५ वटा

निर्वाचन संख्या : (संघीय १, प्रादेशिक २)

**जिल्ला सिमाना**

पूर्व : मनाङ

पश्चिम : डोल्पा

दक्षिण : म्याग्दी

उत्तर : चीनको स्वशासित क्षेत्र तिब्बत

**मुस्ताङ जिल्लाका गाउँपालिकाहरुको विवरण**

(गाउँपालिकाको क्षेत्रफल र वनको क्षेत्रफल ँच्ब प्रतिवेदन २०१७ को आधारमा उल्लेख गरिएको छ। वन क्षेत्र अन्तर्गत कृषि क्षेत्रमा लगाइएको स्याउ वगैंचा, निजी वन जस्ता रुख विरुवाले ढाकिएको क्षेत्र समेत समेटिएको छ।)

**१) गाउँपालिकाको नाम : घरपझोङ गाउँपालिका**

सामावेश भएका साविक गा.वि.स. हरुः मार्फा, टुकुचे(८,९) र जोमसोम गा.वि.स.

जनसंख्याः ३,०२९

क्षेत्रफल: ३१६ वर्ग कि.मि

वन क्षेत्र: ५८ वर्ग कि.मि. (१८%)

केन्द्र: साविक जोमसोम गा.वि.स. को कार्यालय

वडा संख्या: ५

**सिमाना:**

पूर्व: वाह्रगाउँ मुक्तिक्षेत्र गा.पा. र मनाङ

पश्चिम: थासाङ गा.पा.

उत्तर: वाह्रगाउँ मुक्तिक्षेत्र गा.पा.

दक्षिण: थासाङ गा.पा.,मनाङ र म्याग्दी जिल्ला

**२) गाउँपालिकाको नाम: थासाङ गाउँपालिका**

सामावेश भएका साविक गा.वि.स. हरु: टुकुचे(१-७), कोवाङ, लेते र कुन्जो गा.वि.स.

जनसंख्या: २,९२०

क्षेत्रफल: २८९ वर्ग कि.मि.

वन क्षेत्र : १२१ वर्ग कि.मि. (४२%)

केन्द्र: साविक कोवाङ गा.वि.स. को कार्यालय

वडा संख्या: ५

**सिमाना:**

पूर्व: घरपझोङ गा.पा. र म्याग्दी जिल्ला

पश्चिम: म्याग्दी जिल्ला

उत्तर: वाह्रगाउँ मुक्तिक्षेत्र र घरपझोङ गा.पा.

दक्षिण: म्याग्दी जिल्ला

**३) गाउँपालिकाको नाम: ल्हो घेकर दामोदरकुण्ड गाउँपालिका (दालोमे)**

सामावेश भएका साविक गा.वि.स. हरु: चराङ, घमी र सुर्खाङ गा.वि.स.

जनसंख्या: १,४२३

क्षेत्रफल: १,३४५ वर्ग कि.मि

वन क्षेत्र : ५४ वर्ग कि.मि. (४%)

केन्द्र: साविक चराङ गा.वि.स. को कार्यालय

वडा संख्याः ५

**सिमानाः**

पूर्वः मनाङ जिल्ला र चीन

पश्चिमः डोल्पा जिल्ला

उत्तरः लोमन्थाङ गा.पा.

दक्षिणः वाह्रगाउँ मुक्तिक्षेत्र गा.पा. र मनाङ जिल्ला

**४) गाउँपालिकाको नामः लोमन्थाङ गाउँपालिका**

सामावेश भएका साविक गा.वि.स.हरुः छोसेर, छोन्हुप र लोमन्थाङ गा.वि.स.

जनसंख्याः १,८९९

क्षेत्रफलः ७२३ वर्ग कि.मि.

वन क्षेत्र : २२ वर्ग कि.मि. (३%)

केन्द्रः साविक लोमन्थाङ गा.वि.स.को कार्यालय

**सिमाना :**

पूर्वः चीन

पश्चिमः चीन

उत्तरः चीन

दक्षिणः ल्हो घेकर दामोदरकुण्ड गा.पा.

**५) गाउँपालिकाको नामः वाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका**

सामावेश भएका साविक गा.वि.स. हरुः मुक्तिनाथ, झोङ, छुसाङ र कागवेनी गा.वि.स

जनसंख्याः २,३३०

क्षेत्रफलः ८८४ वर्ग कि.मि.

वन क्षेत्र : ३० वर्ग कि.मि. (३%)

केन्द्रः साविक कागवेनी गा.वि.स. को कार्यालय

वडा संख्याः ५

**सिमानाः**

पूर्वः दालोमे गा.पा. र मनाङ जिल्ला

पश्चिमः डोल्पा र म्याग्दी जिल्ला

उत्तरः ल्हो घेकर दामोदरकुण्ड गा.पा.

दक्षिणः घरपझोङ, थासाङ गा.पा. र मनाङ जिल्ला

**१.३ कार्यालयका उदेश्यहरु**

➢ आयुर्वेदमा वर्णित उद्देश्यहरु स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षा र रोगीको रोगको उपचारमा अधारित रहेर दैनिक औषधालयमा आउने सेवाग्राहीहरुलाई स्वास्थ्य जाँच, रोग निदान, उपचार, परामर्श, निःशुल्क आयुर्वेद औषधि वितरण एवं आयुर्वेद तथा स्वस्थ जीवनशैली सम्बन्धी परामर्श र जनचेतना अभिवृद्धि गर्नु ।

➢ नेपाल तथा प्रदेश सरकारद्वारा निर्देशित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु विद्यालय आयुर्वेद तथा योग शिक्षा, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन, स्तनपायी आमा सेवा, निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिविर, स्वस्थ जीवन, आयुर्वेद स्वास्थ्यकर्मीहरुलााई आयुर्वेद सेवा सम्बन्धी क्षमता अभिवृद्धि तालिम, आयुर्वेद सेवा सम्बन्धी बार्षिक समिक्षा गोष्ठी, स्वास्थ्य प्रवर्द्धनका लागि जीवनशैली परिवर्तन तथा योग, परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र उपयोगिता सम्बन्धी अभिमुखिकरण, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन आदि कार्यक्रमहरु संचालन गर्ने ।

➢ आयुर्वेदिय स्वस्थ जीवनशैली, आहार विहार र योगको माध्यमबाट “निरोगी नेपाल” तथा “स्वस्थ प्रदेश, निरोगी प्रदेशवासी” को अभियानमा टेवा पुऱ्याउने ।

**१.४ कार्यालयका जिम्मेवारीहरु**

- ➢ औषधालयमा आउने सेवाग्राहीहरुलाई आयुर्वेदका विशिष्ट चिकित्सा पद्धतिहरु उपशय,निदान परिवर्जनम, पंचकर्म, षटकर्म, षडविध उपक्रम, शल्यकर्म, अग्निकर्म, मर्म चिकित्सा आदिद्वारा सेवा प्रदान गर्नु ।
- ➢ कार्यालयका उद्धेश्यहरु पूर्ति गर्न निर्देशित कार्यक्रमहरु संचालन गर्ने र संचालित कार्यक्रमहरुको प्रतिवेदन स्वास्थ्य निर्देशनालय र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने ।
- ➢ मुस्ताङ जिल्लामा संचालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा संञ्चालन गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन, निरिक्षण, आवश्यक मार्गदर्शन दिने ।
- ➢ दैनिक प्रशासनिक कार्यहरु गर्ने ।
- ➢ जिल्लाको आधिकारिक आयुर्वेद संस्थाको रुपमा काम गर्ने ।
- ➢ माथिल्लो निकायहरुको निर्देशानुसार अन्य कार्यहरु गर्ने गराउने ।

# २. मुस्ताङ जिल्लामा रहेका सरकारी आयुर्वेद संस्थाहरु

क) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ, घरपझोङ गाउँपालिका ४

ख) कागवेनी आयुर्वेद औषधालय, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका २

ग) लोमान्थाङ आयुर्वेद औषधालय, लोमान्थाङ गाउँपालिका २

**नागरिक आरोग्य कार्यक्रम अन्तर्गत स्थापना भएका**

१) नागरिक आरोग्य सेवा केन्द्र, स्याङ, घरपझोङ गाउँपालिका ३

२) नागरिक आरोग्य सेवा केन्द्र, कोवाङ, थासाङ गाउँपालिका २

३) नागरिक आरोग्य सेवा केन्द्र, चराङ, ल्हो घेकर दामोदरकुण्ड गाउँपालिका




चित्र नं. १ जिल्लामा रहेका सरकारी आयुर्वेद संस्थाहरु

# ३. कार्यालयको भौतिक पूर्वाधार

| क.सं. | कार्यालयको नाम | स्थापना मिति | जगाको षेत्रफल | भवनको विवरण (कच्ची/पक्की,आफ्नै/भाडाको) | कम्पाउनड वाल (छ, छैन) | स्टाफ क्वाटर (छ, छैन/प्रयापत,अप्रयाप्त) | खनेपानकिो वयवस्था (छ, छैन) | सवारी साधन (छ, छैन /प्रयाप्त,अप्रयाप्त) | कैफिय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ | २०५८ | १ रोपनी | पक्की, आफ्नै | छ | छैन | छ | मोटर साइकल १ थान अप्रयाप्त | च |

# ४ कार्यालयको संगठन संरचना र शाखाहरुको जिम्मेवारी

## ४.१ : कार्यालयको संगठन संरचना

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ

## ४.२ : कार्यालयमा कर्मचारी दरबन्दी तथा पदपुर्तीको विवरण

| क.सं. | पद | श्रेणी/तह | दरबन्दी | सेवा | समुह | पदपुर्ती | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार सेवा | |
| १ | आयुर्वेद चिकित्सक | आठौं | १ | स्वास्थ्य | आयुर्वेद | १ | ० | |
| २ | कविराज | पाचौं/छैठौं/सातौं | १ | स्वास्थ्य | आयुर्वेद | १ | ० | |
| ३ | वैद्य | चौथो/पाचौं/छैठौ | २ | स्वास्थ्य | आयुर्वेद | २ | ० | |
| ४ | सह लेखापाल | चौथो/पाचौं/छैठौं | १ | प्रसाशन | लेखा | ० | ० | |
| ५ | कार्यालय सहयोगी | श्रेणीवीहिन | २ | प्रसाशन | सा. प्रसाशन | ० | ० | २ करार |
| | | | | | | | | |
| | जम्मा | | ७ | | | ४ | | २ |

## ४.३ कार्यालयका कर्मचारीको विवरण र जिम्मेवारी

| क्र.सं. | पद (हालको) | तह/श्रेणी | कर्मचारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा. कमलराज अधिकारी | कार्यालय प्रमुख | |
| २ | कविराज | पाचौं | श्री कृष्टिना गणेश | प्रशासन | |
| ३ | वरिष्ट वैद्य | पाचौं | श्री रामप्रसाद रेग्मी | स्टोर एवं सूचना अधिकारी | |
| ४ | वैद्य | चौथो | श्री कमला बलायर | तथ्यांक(AHMIS) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ल्याब टेक्नीसियन | सहाएक पाचौं | श्री छरिङि छोडोन गुरुङ | प्रयोगशाला | ०८० आषाढसम्म |
| ६ | अभ्यङ्गकर्ता | | श्री शुदन थकाली | करार | ०८० आषाढसम्म |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहिन | सुस्मिता गोतामे | करार | ०८० आषाढसम्म |
| ८ | औषधि कुटुवा | श्रेणीविहिन | श्री सुकमाया नेपाली | करार | ०८० आषाढसम्म |
| ९ | कबिराज | सहाएक पाचौं | श्री शैलेस दहित | करार, ना.आ.से.केन्द्र, कोबाङ | ०८० आषाढसम्म |
| १० | कबिराज | सहाएक पाचौ | श्री निशा चौधरी | करार ना. आ.से. केन्द्र,स्याङ | ०८० आषाढसम्म |
| ११ | कबिराज | सहाएक पाचौ | श्री शमसेर थारु | करार ना. आ.से. केन्द्र,चराङ | ०८० आषाढसम्म |
| १२ | का.स | श्रेणीविहिन | श्री अस्मीता थकाली | करार ना.आ.से.केन्द्र, कोबाङ | ०८० आषाढसम्म |
| १३ | का. स. | श्रेणीविहिन | श्री सोनीका नेपाली | करार ना.आ.से.केन्द्र,स्याङ | ०८० आषाढसम्म |
| १४ | का.स | श्रेणीविहिन | श्री मुक्ती पुन | करार ना.आ.से.केन्द्र,चराङ | ०८० आषाढसम्म |

## ५. निजी र सामुदायिक आयुर्वेद स्वास्थ्य संस्थाको विवरण

कुनै पनि संस्थाले यस कार्यालयबाट अनुमति लिएको छैन ।

## ६. बिरामी तथ्याङ्क विवरण

| सि.नं. | विवरण | जना |
|---|---|---|
| १. | जिल्लाका जम्मा बिरामी संख्या | ४२४३ |
| २. | औषधालयहरुका जम्मा बिरामी | २२०५ |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र  जम्मा बिरामी | ११२२ |

| | | |
|---|---|---|
| | **सबैको बहिरङ्ग सेवाका जम्मा बिरामी संख्या** | ७५७० |
| ४. | स्तनपायी सेवाग्राहीको संख्या | ८५ |
| ५. | जेष्ठनागरिक सेवाका जम्मा संख्या | १०८५ |
| ६. | पञ्चकर्म सेवा/पूर्वकर्मसेवाका जम्मा बिरामी संख्या | ३८० |
| ८ | आयुर्वेद स्वास्थ्य शिविर | १५४ |
| ९ | ल्याब  परिक्षण | ५२२ |
| ११ | स्वस्थ जीवन कार्यक्रम | १०४ |
| | **कूल बिरामी संख्या** | ९९०० |

## ७. प्रदेश सरकारबाट प्राप्त बार्षिक कार्यक्रम र बजेटको लक्ष्य/प्रगति बिबरण

**कार्यक्रम क्रियाकलापको नाम-**

१  स्वास्थ्य प्रवर्दनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग

बजेट रु ५,00000।-

पृष्ठभूमि/विवरणः

हाम्रो समाजमा बढ्दै गएका नसर्ने रोगहरु, व्यस्त र आधुनिक जिवनशैलीको प्रभावले ब्यक्तिगत तनाव व्यवस्थापन चुनौतीको रुपमा रहेको छ । आयुर्वेद सिद्धान्तमा आधारित स्वास्थ्य जीवनशैलीको माध्यमबाट उक्त चुनौतीहरुको न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको थियो ।
स्वास्थ्य जीवनशैली प्रवर्दनद्वारा समुदायमा नसर्ने रोगहरुको न्यूनीकरण गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालनः

मुस्ताङ जिल्ला भित्र रहेका महिला/आमासमूह र युवा समुहलाई एक ठाउँमा बोलाइ आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धि कार्यक्रम संचालन बिधि सहितको बिषयबस्तु तयार गरी कार्यक्रम संचालन गरियो ।

सहभागी संख्याः १७२ जना

प्रतिफलः स्वास्थ्य आयुर्वेद जीवनशैली सँग सम्बन्धित बढदो क्रममा चुनौतीको रुपमा रहेका नसर्ने रोगहरुको  न्यूनीकरणमा टेवा पुगेको छ ।समुदायले स्वास्थ्य आयुर्वेद जीवनशैली सम्बन्धि जानकारी प्राप्त गरि अवलम्वन गरेको छ ।




## २ आयुर्वेद क्षारसुत्र सेवा कार्यक्रम संचालनका लागि आवश्यक सामग्री खरिद

बजेट रु ३,५००००|-

पृष्ठभूमि/विवरण:

आयुर्वेद चिकित्सा बिज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सस्थाहरुमा सेवा बिस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि क्षारसूत्र सेवा संचालनको लागि यो कार्यक्रम आवश्यक परेको हो।

क्षारसूत्र चिकित्साको माध्यमबाट अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिश्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालन:

क्षारसूत्र सेवा संचालनका लागि आवश्यक सामाग्रीहरुको लागत अनुमान सुची, स्पेसिफिकेसन एवम् परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी क्षारसूत्रका लागि आवश्यक उपकरणहरु खरिद गरियो ।

## ३ पंचकर्म सेवा संचालन तथा बिस्तार

विनियोजित रकम १,०००००।

पृष्ठभूमि/विवरण:

आयुर्बेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सस्थाहरुमा सेवा विस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा

उपलब्ध गराउने अभिप्रायका साथ पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण साथै सामाग्रीहरु खरिद गरि सेवा संचालन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिश्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालनः पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी स्नेहन स्वेदन पूर्वकर्म सेवा संचालन गरियो ।

लाभान्वित संख्या- ३८०



## ४ ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम

विनियोजित रकम ३,०००००।

पृष्ठभूमि/विवरण:

जेष्ठ नागरिक हाम्रो समाजका अग्रज बौद्धिक सम्पति हुन् । नेपालमा जेष्ठ नागरिकहरुको संख्या क्रमश बृद्धि हुँदै गैरहेको छ । जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो । जिल्ला भित्र रहेका जेष्ठ नागरिक सँग सम्बन्धित सस्थाहरु (मानव सेवा आश्रम, बृद्धाश्रम आदि) वा समुदायमा रहेका जेष्ठ नागरिकहरुका स्वास्थ्य सँग सम्बन्धित समस्याहरुको

आयुर्वेद चिकित्सा पद्धतिको माध्यमबाट उपचार, परामर्श, साथै स्वास्थ्य प्रवर्धन सम्बन्धी क्रियाकलापहरु द्वारा जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधार र जीवनशैली सहज गराउनको लागि यो कार्यक्रम आवश्यक भएको हो ।

जेष्ठ नागरिकहरुका स्वास्थ्य सँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्दतिको माध्यामबाट उपचार, परामर्श साथै स्वास्थ्य प्रबर्धन गर्ने यस कार्यक्रमको मूल उद्देश्य हो ।

कार्यक्रम सञ्चालनः मुस्ताङ जिल्लाका मानब सेवा आश्रम, रानीपौवा धर्मशाला मुक्तीनाथ,सबै समेटी सम्पुर्ण पालिकाहरुमा संचालन गरियो।

लाभाभित संख्या- १९५

**प्रतिफलः** आयुर्वेद चिकित्साको माध्यमबाट जेष्ठ नागरिकहरुका स्वास्थ्य सम्बन्धि समस्याहरुको न्यूनीकरणमा सहयोग भएको छ ।जेष्ठ नागरिकहरुको जीवनशैली सहज हुन मद्दत पुगेको छ ।




## ५ स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण)

विनियोजित रकम २,०००००।

पृष्ठभूमि/विवरणः

ग्रामिण क्षेत्रमा बहुउपयोगी जडिबुटीहरुको नास हुदै गइ रहेको छ । भएका जडिबुटीहरुको पहिचान, नामकरण, प्रयोगमा कमि हुदै आईरहेको छ, तसर्थ परम्परागत रुपमा प्रयोग भैरहेका जडिबुटीहरुको सम्बर्धन, संरक्षण र प्रयोग गर्नु जरुरि छ । आयुर्वेद स्वास्थ्यकर्मीहरुको ज्ञान सिपको

अभिलेखीकरण साथै स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र प्रयोगका बारेमा उनीहरुको क्षमता अभिबृद्धि गरि प्रयोग दर वृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

उदेश्य

- परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सिपको अभिलेखीकरण गर्ने ।
- स्थानीय जडिबुटीहरुको, पहिचान, संरक्षण र प्रयोग सम्बन्धमा क्षमता अभिबृधि गर्ने ।

कार्यक्रम सञ्चालनः थासाङ गाउँपालिका ५ देउराली र थासाङ गाउँपालिका २ कोवाङ छनौट गरी पुस्तौंदेखि परम्परागत स्वास्थ्य सेवामा संग्लन व्यक्तिहरुको तथ्यांक सङ्कलन गरि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । जिल्लामा पाइने जडिबुटीहरुको सङ्कलन गरि अभिमुकरण, प्रदशनी र छलफल गरियो।

सहभागी संख्याः- ४८

प्रतिफलः परम्परागत आयुर्वेद स्वास्थ्यकर्मीहरु संग रहेको ज्ञान र सिपको अभिलेखीकरण हुनुका साथै स्थानीय जडिबुटीहरु पहिचान, संरक्षण भै स्थानीय स्तरमा जडिबुटीहरुको प्रयोगात्मक ज्ञान बढाइएको छ ।





## ६. आधारभुत एवं अत्यावश्यक औषधि खरिद

विनियोजित रकम २,००,०००

## **पृष्ठभूमि/बिबरण**

जिल्ला स्थित आयुर्वेद स्वास्थ्य सस्थाहरु मार्फत प्रदान गरिने आयुर्वेद स्वास्थ्य सेवा, प्राथमिक उपचारका लागि अत्यावश्यक औषधि तथा औषधि जन्य सामाग्रीहरुको खरिद गरी आयुर्वेद स्वास्थ्य सस्थाहरुबाट गुणस्तरीय सेवा प्रदानको लागि यो कार्यक्रम राखिएको छ ।

उद्देश्य

- निःशुल्क औषधिहरु सहितको सेवा निरन्तर प्रवाह गर्ने ।

कार्यक्रम सञ्चालनः

सावजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश कार्य संचालन निर्देशिका खर्चको मापदण्ड २०७५ (गण्डकी प्रदेश) अनुसार लागत अनुमान बनाई स्वीकृत पश्चात कार्य अगाडि बढाइ आवश्यक औषधिहरुको सुची, स्पेसिफिकेसन र परिमाण तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गरी औषधि खरिद गरियो ।खरिद गरिएका सामाग्रीहरु सम्बन्धित प्राविधिकको संलग्नतामा मुल्याङ्कन र रुजु गरि दाखिला पश्चाताप भुक्तानी गरियो ।

खरिद गरिएका आयुर्वेद औषधिहरु अमलकीचूर्ण, त्रिफला चूर्ण, अविपत्तिकर चूर्ण, सितोपलादि चूर्ण, अश्वगन्धा चूर्ण ,सतावरी चूर्ण,  आदि

**प्रतिफलः** आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरुको नियमित उपलब्ध गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता हुने छ ।






## ८. प्रयोगशाला सेवाको सामाग्री खरिद

विनियोजित रकम २,००,००० ।

यस कार्यालयको लागि प्रयोगशाला संचालन गर्न आवश्यक सामाग्रीहरु खरिद गरी प्रयोगशाला संचालन गरियो ।

## आर्थिक व्यबस्थापन (रु. हजारमा)

| बजेट | विनियोजित बजेट | निकासा बजेट | बजेट खर्च (%) | बेरुजु फछ्र्यौट | |
|---|---|---|---|---|---|
| | | | | जम्मा (आ.व. २०७८/७९) | आ.व. २०७९/८० मा फछ्र्यौट % |
| सर्शत अनुदान | ४५,८४ | ४१३८ | ८३.७२ | नभएको | नभएको |
| सामानिकरण अनुदान | ११,५२९ | ९२६८ | ८९.४४ | नभएको | नभएको |
| विशेष अनुदान | | | | | |
| जम्मा | १,६०,१४ | १,२४,६ | ९०.२८ | | |



# ८. संघीय सरकारबाट प्राप्त शसर्त तर्फ वार्षिक कार्यक्रम

**कार्यक्रम सख्या १६ र बजेट रु.४४,८५,०००।– अर्न्तगत सम्पादन गरेका मुख्य कार्यक्रमको विवरण**

| क.सं. | कार्यकमको नाम | बजेट हजारमा | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर | १०० | १००।०० | १००।०० | |
| २ | आयुर्वेद सेवा सम्बन्धी क्षमता अभिबृद्धि तालिम | १०० | १००।०० | १००।०० | |
| ३ | आयुर्वेद औषधी तथा अन्य सामाग्री ढुवानी | ५० | १००।०० | ६६।०० | |
| ४ | राष्ट्रिय तथा अन्तराष्ट्रिय योग दिवस, राष्ट्रिय आरोग्य तथा धन्वन्तरि दिवस कायक्रम | ६० | १००।०० | ९९।५३ | |
| ५ | आयुर्वेद औषधी खरिद | ८०० | १००।०० | ९९।९९ | |
| ६ | अनुगमन, मूल्यांकन, निरिक्षण तथा समन्वय | ७५ | १००।०० | ९७५ | |
| ७ | आयुर्वेद सम्बन्धी सूचनामूलक सामाग्री उत्पादन, प्रकाशन तथा प्रसारण | ७५ | १००।०० | ९९।६४ | |
| ८ | अन्य सेवा शुल्क(स्नेहन, स्वेदन) तथा पंचकर्म संचलनार्थ अभ्यङ्गकर्ताको लागि | ५६० | ५०।०० | ४७४७ | |
| ९ | स्वास्थ्य जिवन कार्यक्रम | ७५ | १००।०० | १००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | जडिबुटिबाट चूर्ण औषधी निर्माण | ७५ | १००।०० | १००।०० | |
| ११ | मेडिकल सामाग्री उपकरण तथा मेसिनरी औजार खरिद | ५० | १००।०० | ९९।४४ | |
| १२ | आयुर्वेद सेवा सम्बन्धी बार्षिक समिक्षा तथा योजना तर्जुमा | ७५ | १००।०० | १००।०० | |
| १३ | विद्यालय आयुर्वेद शिक्षा तथा योग | ७५ | १००।०० | ९९।९१ | |
| १४ | प्रयोगशाला संचालन | ४०० | १००।०० | ९८।०८ | |
| १५ | नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालन खर्च | १९१० | १००।०० | ९९।७९ | |
| १६ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक तथा अन्य औषधी बितरण कार्यक्रम (व्यबस्थापन खर्च) | ५० | १००।०० | ५७३५ | |
| | जम्मा | ४४,८५ | ९२।२७ | ९२।२७ | |



## समानीकरण अनुदान – (पुजीगत)

| कार्यक्रम कोड | कार्यक्रम<br>पुँजीगत खर्च(क) | शिर्षक | एकाइ | परिमाण | बजेट (रु. हजारमा) | बजेट खर्च रकम | भौतिक प्रगति % | वित्तीय प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५५०८००१४ | कार्यलयका लागी आवश्यक मेशिनरी औजार खरिद | ३११२२ | | १ | ३०० | ३०० | १०० ।०० | १०० ।०० | |
| ३५५०८००१४ | कायालयका लागी आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | ३११२३ | | १ | ४०० | ३९८ | १०० ।०० | ९९ ।७२ | |
| ३५५०८००१४ | भगवान धनवन्तारी मुर्ति निर्माण | ३११५९ | | १ | ५०० | ४७८ | १०० ।०० | ९५ ।८० | |
| ३५५०८००१४ | कार्यालय भवनके मर्मत तथा संभार | ३११६१ | | १ | ५०० | ४९८ | १०० ।०० | ९९ ।६१ | |
| | पुँजीगत जम्मा(क) : | | | | १,७०० | १,६७५. | १०० ।०० | ९८ ।७८ | |

# समानीकरण अनुदान-चालु(कार्यक्रम)

| क.सं | कार्यक्रम कोड | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाइ | वार्षिक लक्ष्य | | | हाल सम्मको भौतिक प्रगति | | | हाल सम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | खर्च रु हजारमा | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | (ख) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरू : ३५-८०००१३, प्रदेश समानिकरण तर्फको चालु कार्यक्रम | | | | | | | | | | | |
| १ | २.७.२२.४४४ | संगठित रूपमा योग सञ्चालन (Corporate Yoga) | २२५२२ | पटक | २ | ३.३३ | १००.०० | २ | ३.३३ | १००.०० | ९९.०० | ९९.०० | |
| २ | २.७.२२.४४३ | पंचकर्म/ पुर्वकर्म कार्यक्रम (सामग्री खरिद संचालन एवं व्यवस्थापन) | २२५२२ | पटक | २ | ३.३३ | १००.०० | २ | ३.३३ | १००.०० | १००.०० | १००.०० | |
| ३ | २.७.२२.५४९ | क्षारसूत्र कार्यक्रम (सामग्री खरिद तथा सञ्चालन एवम् व्यवस्थापन) | २२५२२ | पटक | ३ | २०.०० | ६००.०० | २.० | १३.३३ | ६६.६७ | ३५०.०० | ५८.३३ | |
| ४ | २.७.२२.३४४ | महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण | २२५२२ | पटक | ३ | १०.०० | ३००.०० | ३ | १०.०० | १००.०० | ३००.०० | १००.०० | |
| ५ | २.७.२२.१८ | स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरूलाई स्थानीय जडीबुटीहरूको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम (पुनः हस्तान्तरण) | २२५२२ | पटक | २ | ६.६७ | २००.०० | २.०० | ६.६७ | १००.०० | १५८.०० | ७९.०० | |
| ६ | २.७.२२.५४- | स्वास्थ्य प्रवर्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग | २२५२२ | पटक | ५ | १६.६७ | ५००.०० | ५ | १६.६७ | १००.०० | ५००.०० | १००.०० | |
| ७ | २.७.२२.२८ | प्रयोगशाला संचालनका लागि आवश्यक सबै उपकरण, रिएजेन्ट र किट खरिद | २२५२२ | पटक | २ | ६.६७ | २००.०० | २ | ६.६७ | १००.०० | २००.०० | १००.०० | |
| ८ | २.७.२२.२४ | ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | २२५२२ | पटक | ६ | २०.०० | ३००.०० | ६ | २०.०० | १००.०० | २९८.०० | ९९.३३ | |
| ९ | २.७.२२.१९८ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २७२१३ | पटक | ३ | १६.६७ | ५००.०० | ३ | १६.६७ | १००.०० | ४८५.०० | ९७.०० | |
| १० | ७.२.११.११ | प्रयोगशाला सेवा संचालन आधारभूत तथा अत्यावश्यक औषधी, रिएजेन्ट लगायतका | २७२१३ | पटक | १ | ६.६७ | २००.०० | १ | ६.६७ | १००.०० | २००.०० | १००.०० | |
| | | चालु कार्यक्रमको जम्मा | | | ३० | १००.०० | ३०००.०० | २९ | ९३.३३ | ९६.६७ | २९०६.०० | ९०.२० | |





# मुस्ताङ जिल्लाका आयुर्वेद सेवाग्राही विवरण

| क.सं. | सेवाग्राही | जि आ स्वा के | कागबेनी आ औ | लोमान्थाङ आ औ | ना आ से के कोवाङ | ना आ से के स्याङ | ना आ से के चराङ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | OPD बिरामी | ४२४३ | २०८० | १२५ | ५१५ | ३२५ | २९८ | ७५८६ |
| २ | नागरिक आरोग्य सेवा केन्द्र/ कार्यक्रम | | | ५ | | | | |
| ३ | स्तनपायी आमा सेवा कार्यक्रम | ८५ | ८५ | ५ | २५ | १८ | १२ | २३० |
| ४ | जेष्ठ नागरिक स्वास्थ्य प्रवर्धन कार्यक्रम | १०८४ | २५५ | २२ | ४५ | ३० | २२ | १४५८ |
| ५ | पंचकर्म कार्यक्रम | ३८० | ७७ | ८ | | | | ४६५ |
| ६ | निशुल्क स्वास्थ्य शिविर | १५४ | | ० | | | | १५४ |
| ७ | स्वास्थ्य प्रवर्धनका लागी जीवनशैली परिवर्तन तथा योग | १७२ | ३३ | ३३ | | | | २३८ |
| ८ | स्वस्थ जीवन कार्यक्रम | ४४ | १८ | १३ | ७ | ९ | १३ | १०४ |
| ९ | उपचारात्मक योग | ८५ | ५३८ | ४४ | ४९ | ४२ | ३८ | ७९८ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| १३ | जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | १९५ | ६७ | १४ | १८ | १५ | ९ | ३१८ |
| १४ | प्रयोगशाला परिक्षण | ५२२ | | | | | | ५२२ |
| | जम्मा | ६९६१ | ३१५३ | २६९ | ६५९ | ४३९ | ३९२ | ११८७३ |

Annual Health Review

## यस केन्द्रको मुख्य समस्या र समाधानका उपायहरु

| क.स | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | कार्यालयको जमिन भासिएर भवन जिर्ण भएको, ढल र septic tank को समस्या | कार्यालय भवनको संरचना माथी उठाई, ढल र septic tank बनाउने । | सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |
| २ | लेखा संचालनमा कठिनाई | सलेपा/लेपाको व्यवस्थापन | • सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय<br>• प्रदेश लोकसेवा<br>• प्रेदेश लेखा नियन्त्रक कार्यालय |
| ३ | ढुवानी तथा कार्यक्रम संचालनमा यातायातको समस्या | कार्यालयको चारपांग्रे सवारी साधनको व्यवस्था | सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |
| ४ | योग कार्यक्रम संचालनमा कठिनाई | योगहल निर्माण | • सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय |

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ

# ९. निष्कर्ष र सुझाव

समग्र रुपमा आ. व. ०७९/८० मा ९०.३८% भौतिक प्रगति र वित्तीय प्रगति ८३.७२% भएको हुदा आयुर्वेद सेवा प्रवाह राम्रो मान्न सकिन्छ ।

कार्यालयको वरिपरीको कार्यालय, विद्यालय तथा सडक बनाउदा माटोले भरेर अग्लो स्थानमा संरचना निर्माण गरेको हुनाले सस्थाको भवन जिर्ण भईको र कार्यालय परिसरमा पानी जम्ने गेरको साथै ढल र को समस्या भएकोले नयाँ भवन निर्माण हुनुपर्ने देखिन्छ ।

# १०. फोटोहरु


Annual Health Review
कार्यालय भवनको जिर्ण अवस्था
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ


Annual Health Review
धन्वन्तरी जयन्ती
धन्वन्तरी जयन्ती
तथा
राष्ट्रिय आरोग्य दिवस
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ

# माननिय मन्त्रिज्यु बाट कार्यालयको अनुगमन





# जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम



# महिला स्वास्थ्य स्वयमसेविका अभिमुखिकरण






# शिक्षकहरुका लागी बिदयालय आयुर्वेद तथा योग शिक्षा



## करपोरेट योगा कार्यक्रम



Annual Health Review

## बिद्यालय आयर्वेद तथा योग शिक्षा कार्यक्रम बिदयाथी हरुका लागी



# आयुर्वेद सेवा सम्वन्धी क्षमता अभिबदि तालिम





# निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर



# जिबनशैलि परिवर्तन तथा योग कार्यक्रम






# अन्तराष्टिय योग दिबश



## लोमानथाङ स्थानिय नागरिक आरोग्य समिति गठन




Annual Health Review

## स्तनपायी आमाहरुलाइ दुग्धवर्धक औषधि वितरण कार्यक्रम, लेते



# धनवन्तरीको मूर्ती निर्माण स्थापना





# बार्षिक समिक्षा गोष्ठी






संगठित रूपमा योग संचालन ( Corporate yoga )
'अपनाऔ आयुर्वेदिय जिवनशैली र दैनिक ४८ मिनेट योग । रहौ स्वस्थ, रोकथाम तथा नियन्त्रण हुन्छ रोग ।।'
भ्रामरी प्राणायाम-ध्यान
(Humming Bee Breath- Meditation)
मुष्टिका बन्धन
(Hand Clenching)
नाडी शोधन प्राणायाम
(Psychic Network Purification)
मणिबन्ध नमन
(Wrist Bending)
उत्तान मण्डुकासन
(Stretched Up- Frog Pose)
मणिबन्ध चक्र
(Wrist Joint Rotation)
कटि चक्रासन
(Waist Rotating Pose)
केहुनी नमन
(Elbow Bending)
स्कन्ध चक्र
(Shoulder Socket Rotation)
तिर्यक ताडासन
(Swaging Palm Tree Pose )
ग्रिवा सञ्चालन
(Neck Movements)
ताडासन
(Palm Tree Pose )
नेत्र संचालन
(Eye Movements)
अभ्यास तालिका
१. मुष्टिका बन्धन - ३० सेकेण्ड
२. मणिबन्ध नमन - ३० सेकेण्ड
३. मणिबन्ध चक्र - ३० सेकेण्ड
४. केहुनी नमन - ३० सेकेण्ड
५. स्कन्ध चक्र - १ मिनेट
६. ग्रिवा सञ्चालन - १.५ मिनेट
७. नेत्र सञ्चालन - १ मिनेट
८. ताडासन - ३० सेकेण्ड
९. तिर्यक ताडासन - १ मिनेट
१०. कटि चक्रासन - ३० सेकेण्ड
११. उत्तान मण्डुकासन - ३० सेकेण्ड
१२. नाडी शोधन प्राणायाम - ४५ सेकेण्ड
१३. भ्रामरी प्राणायाम -ध्यान - ७५ सेकेण्ड
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ, गण्डकी प्रदेश, बागलुङ
(सम्पादन : डा. सरोज कुमार राय)